स्थानीय पाठयक्रम

हाम्रो बुङ्ग·ल

विशिष्टिकरण तालिका तथा आन्तरिक मुल्यांकन निर्देशिका २०८२

शिक्षा, युवा तथा खेलकुद शाखा

बुङ्ग·ल नगरपालिका खिरातडी, बझाङ्ग

पृष्ठभूमि

स्थानीय पाठ्यक्रम शैक्षिक विकेन्द्रिकरणको एउटा महत्वपूर्ण पक्ष हो । केन्द्रिय स्तरबाट विकास गरिएका पाठ्यक्रमबाट मात्र विविधतायुक्त समाजका सबै आवश्यकता पुरा हुने भएकाले विविध स्थानीय आवश्यकताहरु सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको आवश्यकता महसुस गरिएको हो । केन्द्रिय स्तरमा विकास गरिएका पाठ्यक्रमले समेट्न नसकेका बुङ्गल नगरपालिकाभित्र स्थानीय विषयवस्तुहरुलाई समेट्न पाठ्यक्रमलाई समसामयिक, सान्दर्भिक, रुचिकर, लचिलो, खुला, सन्तुलित, लोकतान्त्रिक र स्थानीय मूल्य मान्यता अनुरुप बनाउन पनि स्थानीय पाठ्यक्रम आवश्यक हुन्छ ।

नेपालको विद्यालय शिक्षामा हाल कार्यान्वयनमा रहेको पाठ्यक्रम विकास केन्द्रले निर्माण गरेको आधारभूत तह १-३, ४-५ र ६-८ को पाठ्यक्रममा स्थानीय विषय वा मातृभाषाको व्यवस्था गरिएको छ । शैक्षिक सत्र २०७७ देखि देशै भरि लागु गर्ने गरी स्वीकृत गरिएको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा आधारभूत तहका कक्षाहरुमा १-३ सम्म बार्षिक १६० पाठ्यघण्टा (५ क्रेडिट आवर) र कक्षा ४ देखि ८ सम्म १२८ कार्यघण्टा (४ क्रेडिट आवर) को मातृभाषा वा स्थानीय विषयको व्यवस्था गरिएको छ । बुङ्गल बासीको मातृभाषा सन्दर्भमा अध्ययन गर्दा भाषा सम्बन्धि लिखित दस्तावेजहरुको अभाव र समुदाय अनुसार भाषिक विविधता देखिएकाले कुन भाषिकालाई बुङ्गलको मातृभाषा भन्ने सन्दर्भमा एकिन गर्न सकिएन । स्थानीय शब्दहरु र स्थानीय विषयवस्तु समावेश गरी **हाम्रो बुङ्गल** भन्ने विषय नामाकरण गरि स्थानीय पाठ्यक्रम निर्माण भइसकेको छ ।

स्थानीय पाठ्यक्रम निर्माणका क्रममा पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यक मुल्यांकन के कसरी गर्ने सम्दर्भमा तत्काल समय अभावका कारण विशिष्टिकरण तालिका निर्माण गर्न सकिएको थिएन यद्यपी बार्षिक परीक्षा २०८२ को लागि निर्माण गर्नैपर्ने भएकाले यो विशिष्टिकरण तालिका र आन्तरिक मुल्यांकन खाका तयार भएको छ । यो खाका यस बर्ष परीक्षणको रुपमा रहने र अर्को बर्ष शैक्षिक सत्र २०८२ देखि पूर्ण रुपमा कार्यान्वयन गर्ने जमर्को गरिएको छ । यस भित्र राखिएको आन्तरिक मल्यांकन शैक्षिक सत्र भरि शैक्षणिक क्रियाकलाप संगै अगाडी बढाउनुपर्ने भएतापनि ढिलोगरि निर्माण सम्पन्न भएका कारण भने ३६ अंकको परियोजना कार्य/प्रयोगात्मक कार्य बाफतको आन्तरिक मुल्यांकन यस शैक्षिक सत्र २०८२ लागि कक्षा सहभागिता, कक्षा क्रियाकलाप, अन्य अतिरिक्त क्रियाकलापको सक्रियता र सहभागिता, सामुदायिक कार्यमा सहभागिता जस्ता आधारमा गर्नुपर्ने छ । ३६ अंकभारको प्रयोगात्मक/परियोजना कार्य शैक्षिक सत्र २०८२ बाट **विशिष्टिकरण तालिका तथा आन्तरिक मुल्याकंन निर्देशिका २०८२** अनुसार लागु गर्ने गरि निर्माण गरिएको छ । ४ अंक र १०

अंकको आन्तरिक मुल्यांकन राष्ट्रिय पाठ्यक्रम अनुसार नै सहभागिता बाफत ४ अंक र त्रैमासिक परीक्षा बाफतको १० अंकलाई नै यस **विशिष्टिकरण तालिका तथा आन्तरिक मुल्याकंन निर्देशिका २०८२** अनुसरण गरेको छ । कक्षा १-३ को मुल्यांकनको मुल्यांकनका सन्दर्भमा यस बर्ष कक्षा सहभागिता, कक्षा क्रियाकलाप, अन्य अतिरिक्त क्रियाकलापको सक्रियता र सहभागिता, व्यवहारमा आएको परिवर्तन आदिका आधारमा शत्प्रतिशत नै आन्तरिक मुल्यांकन गर्नुपर्ने छ । यस शैक्षिक सत्र २०८२ मा विषयगत मुल्यांकन फारामहरु निर्माण गर्न समयका कारण ढिला भएको हुदा अर्को शैक्षिक सत्रबाट भने हाम्रो बुङ्गल पाठ्यक्रमको आधारभूत तह कक्षा १-३ को मूल्यांकन व्यवस्थित र प्रभावकारी हुने गरि आम बुद्धिजिबीको राय, सुझाव, सल्लाह र सहयोगमा शैक्षिक सत्रको सुरुमै निर्माण गरि कार्यान्वयन गरिने छ भने कक्षा १-८ को स्थानीय पाठ्यक्रम हाम्रो बुङ्गलका आधामा पाठ्यपुस्तक पनि समयमै निर्माण गरि शैक्षिक सत्र भरि कार्यान्वयन गर्ने गरि निर्माण गर्ने तयारी रहेको छ ।

स्थानीय पाठ्यक्रम हाम्रो बुङ्गल अनुसार **विशिष्टिकरण तालिका तथा आन्तरिक मुल्यांकन निर्देशिका २०८२** निर्माण कार्यमा पाठ्यक्रम कार्यदलका संयोजक श्री देवराज जोशी र र कार्यदलका सदस्य सचिव श्री गोपाल कुवँरको अभुतपूर्व सहयोग रहेको छ । यो निर्देशिका लेखन र कम्प्युटर टाइपिङमा पाठ्यक्रम निर्माण कार्यदलका सदस्य तथा श्री सरस्वती माध्यमिक विद्यालय, बिजगडाका माध्यमिक तहका शिक्षक श्री लक्ष्मीप्रसाद जोशीको महत्वपूर्ण सहयोग रहेको छ । यो **विशिष्टिकरण तालिका तथा आन्तरिक मुल्यांकन निर्देशिका २०८२** यस बर्ष परीक्षण कै रुपमा रहने र स्थानीय आम बुद्धिजीबी बर्गको सुझाव सल्लाह अनुसार आवश्यक परिमार्जन गरि २०८२ देखि पूर्ण कार्यान्वयन हुने गरि तयार पारिएको छ । **विशिष्टिकरण तालिका तथा आन्तरिक मुल्यांकन निर्देशिका २०८२** तयार गर्ने क्रममा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग सुझाव दिनुहुने नगर प्रमुख श्री जय बहादुर धामी, नगर उपप्रमुख श्री धनबहादुर बोहरा र निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री माधव प्रसाद जोशी ज्यू लाई हृदय देखि नै आभार प्रकट गर्दछौं । साथै यस **विशिष्टिकरण तालिका तथा आन्तरिक मुल्यांकन निर्देशिका २०८२** मा रहेका कमिकमजोरी र त्रुटीहरुलाई औंल्याइ अगामी संस्करणमा बैधता र विश्वसनियता कायम गर्दै अझै नवीनतम् र बैज्ञानीक मुल्यांकन प्रणाली मार्फत विद्यार्थीको वास्तविक क्षमता पहिचान गर्दै सर्व स्वीकार्य बनाउन यहाँहरुको अमूल्य सुझावको अपेक्षा गर्दछौं ।

शिक्षा, युवा तथा खेलकुद शाखा, बुङ्गल नगरपालिका,

खिरातडी, बझाङ्ग

२०८२

आन्तरिक मुल्याकंन

हाम्रो बुङ्गल (कक्षा ४–८)

परिचय

मूल्याङ्कनले पाठ्यक्रम कार्यान्वयनका क्रममा विद्यार्थीले प्राप्त गरेका सिकाइ उपलब्धिको मात्रा निश्चित गर्ने क्रमबद्ध प्रक्रिया हो । कक्षा शिक्षणका क्रममा वा कक्षा कोठा बाहिर प्राप्त गरेका विद्यार्थीका सिकाइ उपलब्धिको निरन्तर मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नु नै मूल्याङ्कनको मुख्य अभिप्राय हो । वर्तमान विद्यालय शिक्षाको पाठ्यक्रमले आन्तरिक र बाह्य मूल्याङ्कनको अवधारणा अनुसार नै हाम्रो बुङ्गल विषयको पनि मुल्याङ्कन गर्ने गरि तयारी गरिको छ। आन्तरिक मूल्याङ्कन भनेको पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निरन्तर रूपमा गरिने मूल्याङ्कन हो । यस्ता मुल्यांकनका लागि औपचारी परीक्षालाई साधनका रुपमा प्रयोग गर्नु हुदैन तर आन्तरिक मुल्याकंन प्रयोजनका लागि कक्षा परीक्षा, एकाई परीक्षा आदि भने लिन सकिने छ । बार्षिक परीक्षामा अंक जोड्ने हिसाबले भने परीक्षा लिनु हुदेन । आन्तरिक मूल्याङ्कनले विद्यार्थीको सिकाइ अवस्थामा सुधार ल्याउन मदत गर्दछ । आन्तरिक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु र अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सक्षम बनाउनु हो । आन्तरिक मुल्यांकनका लागि कक्षा शिक्षण बाहेक छुट्टै समय आवश्यक पर्ने गरि पाठ्यक्रम निर्धारण गरिएको छैन । शैक्षिणिक क्रियाकलापहरु संगसंगै आन्तरिक मुल्यांकनमा गर्नुपर्ने सबै कार्यहरु सम्पन्न गर्नुपर्ने छ ।

आन्तरिक मूल्याङ्कनका राष्ट्रिय पाठ्यक्रमले नै तोकिएको हाजिरी, कक्षा सहभागीता, कक्षा कार्य, परियोजना कार्य र प्रयोगात्मक काय क्षेत्र भ्रमण, अभिभावक सम्पर्क र छलफल, मौखिक प्रश्नोत्तर, पाठगत, एकाइगत तथा त्रैमासिक परीक्षाहरू, सहकार्यकलाप (स्थानीय चाडपर्वमा खानेकुरा पकाउने, लयमा बालगितहरु गाउने, स्थानीय स्तरमा रहेका विभिन्न धार्मिक पुरातात्विक सम्पदा तथा बुङ्गली भनेर चिनिने अन्य पहिचानका विषयमा कविता प्रतियोगिता, बुङ्गलका मुल्य मान्यता, डेउडा गित प्रतियोगिता, हाम्रा परम्परागत पोसाक प्रदर्शनी, डेउडानृत्य प्रतियोगिता गराई उक्त कार्यहरूको आधिकारिक मूल्याङ्कनका साधन(रुब्रिक्सलगायत) द्वारा विद्यार्थीले गरेका उपलब्धिको मूल्याङ्कन गर्न सकिन्छ। विषयवस्तुको प्रत्येक पाठ, क्षेत्र वा एकाइको सिकाइपश्चात्

उल्लिखित साधनहरूको प्रयोग गरी सो क्षेत्र वा एकाइमा विद्यार्थीको सिकाइ स्तर पहिचान गरी सिकाइ समस्या भएका विद्यार्थीको सिकाइ सुधारका लागी थप पृष्ठपोषण दिनु पर्दछ ।

न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न निरन्तर पृष्ठपोषण र फरक सिकाइ क्रियाकलाप र रणनितिलाई उपयोग गर्नुपर्दछ । समस्यामूलक र आवश्यकतामा आधारित भई निदानात्मक मूल्याङ्कनलाई समेत जोड दिई सिकाई सुनिश्चितताको प्रत्याभूति गर्नुपर्दछ । विद्यार्थी गरेका विभिन्न क्रियाकलाप, तयार पारेका सामग्री र व्यवहार परिवर्तनका पक्षहरूलाई कार्यसञ्चयिका (Portfolio) मा व्यवस्थित गरी अभिलेखीकरण गर्नुपर्छ । सो अभिलेखलाई विद्यार्थीको वास्तविक मूल्याङ्कनका आधारका रूपमा उपयोग गर्नुपर्दछ ।

हाम्रो बुङ्गल पाठ्यक्रम (कक्षा ४-८)मा आन्तरिक मूल्याङ्कनका लागि ५० प्रतिशत भार छुट्याइएको छ । आन्तरिक मूल्याङ्कनअन्तर्गत निम्न आधारहरू निर्धारण गरिएको छ :

आधारभूत तह कक्षा ४ र ५ तथा कक्षा ६-८ को आन्तरिक मूल्याङ्कनका आधारहरु

क्र.सं.	**आधारहरु**	**आन्तरिक मुल्यांकनका आधारहरु**	**जम्मा अंकभार**
१.	सहभागिता	उपस्थिति र सिकाइ क्रियाकलापमा सक्रियता र सहभागिता	४
२.	परियोजना कार्य/प्रयोगात्मक कार्य	परियोजना/प्रयोगात्मक कार्यको पूर्णता सिर्जनशिलता विषयवस्तुको प्रस्तुति सहकार्य, जिम्मेवारी र समयपालना अभिलेख व्यवस्थापन	३६
३.	त्रैमासिक परीक्षा	तोकिएको अवधिमा पठनपाठन भएका सबै एकाइबाट विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्र तयार गरी परीक्षा लिने र सुधारको लागि पृष्ठपोषण दिने	१०
जम्मा			५०

सहभागितावापतको ४ अङ्कभारलाई विद्यार्थीको हाजिरी/उपस्थिति र सिकाइ क्रियाकलापमा सहभागिता तथा सक्रियताको आधारमा मूल्याङ्कन गर्नुपर्छ। सहभागितावापतको ४ अङ्कभारअन्तर्गत

हाजिरी/उपस्थिति बापत २ अङ्कभार र सिकाइ क्रियाकलापमा सहभागिता र सक्रियता बापत २ अङ्कभारमा रुब्रिक्सको आधारमा मूल्याङ्कन गर्नुपर्ने छ । सहभागिताबापत मूल्याङ्कन गर्दा निम्न रुब्रिक्सको प्रयोग गर्न सकिने छ ।

क्र.सं.	**आधारहरु**	**सूचक**	**अंक**
१	**उपस्थिती**	९० प्रतिशत र सोभन्दा बढी उपस्थिति भएमा	२
		८० प्रतिशत र सोभन्दा बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति भएमा	१.७५
		८० प्रतिशत र सोभन्दा बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति भएमा	१.५०
		७५ प्रतिशत र सोभन्दा बढी तर ८० प्रतिशतभन्दा कम उपस्थिति भएमा	१.००
२	**सिकाइमा सक्रियता र सहभागिता**	सिकाइमा जिज्ञासा राख्ने, अन्तर्क्रियामा भाग लिने, आफ्नो विचार प्रस्तुत गर्ने, दिइएको कार्य ९कक्षा कार्य, समूह कार्य वा अन्य कार्य पूरा गर्ने गरेमा	२
		उल्लिखित मध्ये कुनै ३ ओटा कार्य गरेमा	१.५
		उल्लिखित मध्ये कुनै २ ओटा कार्य गरेमा	१.
		उल्लिखित मध्ये कुनै १ ओटा कार्य गरेमा	०.५
जम्मा			४

<u>प्रयोगात्मक र परियोजना कार्यको मूल्याङ्कन (३६ अङ्कभार)</u>

हाम्रो बुङ्गल पाठ्यक्रमले विभिन्न बुङ्गल नगरपालिकाको समग्र विषयवस्तुमा आधारित भई विभिन्न सामाजिक मूल्य, मान्यता, सिप र व्यवहारमा परिवर्तनको अपेक्षा गरेको हुन्छ । यी पक्षहरूको विकासमा अवलोकन भ्रमण, खोज,सामुदायिक कार्य, बानी व्यवहारमा परिवर्तन, नक्सा, चार्ट, तालिका

वा ग्राफको निर्माण, प्रयोगात्मक कार्य, तथा परियोजना कार्य जस्ता सहभागितामूलक सिकाइ रणनिति र विधिहरूको अवलम्बन गर्नुपर्ने हुन्छ । यसका लागि सबै एकाइबाट परियोजना/प्रयोगात्मक कार्य गराउनुपर्ने गरि व्यवस्था गरिएको छ । प्रत्येक एकाइको परियोजना/प्रयोगात्मक कार्यको लागि जम्मा ३६ अङ्कमा मूल्याङ्कन गर्नुपर्ने छ ।

त्रैमासिक रूपमा परियोजना/प्रयोगात्मक कार्यको मूल्याङ्कनका लागि पठनपाठन भएका एकाइमा विद्यार्थीले प्राप्त गरेको हरेक परियोजना/प्रयोगात्मक कार्यमा प्राप्त अङ्क जोडेर औसत निकाल्नुपर्छ । पहिलो त्रैमासिकमा परियोजना कार्य/प्रयोगात्मक कार्यको मूल्याकन गर्दा सो अवधिमा गरिएका परियोजना/प्रयोगात्मक कार्यमा विद्यार्थीले प्राप्त गरेको जम्मा अङ्कको औसत निकाल्नु पर्दछ भने दोस्रो त्रैमासिकका हकमा पहिलो त्रैमासिक पछि र दोस्रो त्रैमासिक अवधिमा गरिएका परियोजना/प्रयोगात्मक कार्यमा विद्यार्थीले प्राप्त गरेका जम्मा अङ्कको मात्र औसत निकाली मूल्याङ्कन गर्नुपर्छ । वार्षिक रूपमा परियोजना/प्रयोगात्मक कार्यको मूल्याङ्कन गर्दा वर्षभरि पठनपाठन गरेका सबै एकाइमा परियोजना र प्रयोगात्मक कार्यमा विद्यार्थीले प्राप्त गरेको जम्मा अङ्क निकालेर सबै परियोजना कार्य/प्रयोगात्मक कार्यको सङ्ख्याले भाग गरेर औसत निकाल्नु पर्छ । यदि कुनै एकाइमा परियोजना/प्रयोगात्मक कार्य दुबै गर्नुपर्ने भएमा सो व्यहोरा खुलाएर मूल्याङ्कन गर्नुपर्ने हुन्छ । प्रत्येक परियोजना कार्य/प्रयोगात्मक कार्यका लागि रुब्रिक्स/चेकलिस्ट/श्रेणीमापन आदि साधन विकास गरी मूल्याङ्कन गर्न सकिने छ । प्रत्येक परियोजना/प्रयोगात्मक कार्यको मूल्याङ्कनका लागि निम्नलिखित रुब्रिक्सको प्रयोग गर्न सकिन्छ :

(क) परियोजना/प्रयोगात्मक कार्यको मूल्याङ्कन (रुब्रिक्स) : १८ अङ्कभार (तल उल्लिखित रुब्रिक्सको आधारमा १८ मा मूल्याङ्कन गरी ३६ मा रूपान्तरण गर्ने)

प्रत्येक परियोजना/प्रयोगात्मक कार्यको मूल्याङ्कनका लागि निम्नानुसारको रुब्रिक्स प्रयोग गर्नुपर्दछ ।

आधार	**सूचक**	**जम्मा अंकभार**	**प्राप्तांक**
परियोजना/प्रयोगात्मक कार्यको तयारी	परियोजना/प्रयोगात्मक कार्य सफा, सङ्गठित र बुझ्न सहज भएको र सबै आवश्यक ढाँचा वा प्रक्रिया पूरा गरेको	४	
	परियोजना/प्रयोगात्मक कार्यको अधिकांश कार्य सफा, सङ्गठित र बुझ्न सहज भएको र सबै आवश्यक ढाँचा वा प्रक्रिया पूरा गरेको	३	

	परियोजना/प्रयोगात्मक कार्यको केही कार्य मात्र सफा, सङ्गठित भएको र केही भागमात्र बुझ्न सहज भएको र केही मात्र आवश्यक ढाँचा वा प्रक्रिया पूरा गरेको	२	
	परियोजना/प्रयोगात्मक कार्य सफा, सङ्गठित र बुझ्न सहज नभएको र अधिकांश आवश्यक ढाँचा वा प्रक्रिया पूरा नगरेको	१	
सिर्जनशिलता	परियोजना/प्रयोगात्मक कार्यमा धेरै सिर्जनशिलता, सोच र समयको प्रयोग भएको	४	
	परियोजना/प्रयोगात्मक कार्यमा केही सिर्जनशिलता, सोच र समयको प्रयोग भएको	३	
	परियोजना/प्रयोगात्मक कार्यमा थोरै सिर्जनशिलता, सोच र समयको प्रयोग भएको	२	
	परियोजना/प्रयोगात्मक कार्यमा एकदमै थोरै सिर्जनशिलता, सोच र समयको प्रयोग भएको	१	
विषयवस्तुको प्रस्तुतीकरण	विषयवस्तु स्पष्ट र उपयुक्त रही उच्च सिकाइ स्तर प्रदर्शन गरेमा	४	
	अधिकांश विषयवस्तु स्पष्ट र उपयुक्त रही मध्ये सिकाइ स्तर प्रदर्शन गरेमा	३	
	केही विषयवस्तु मात्र स्पष्ट र उपयुक्त रही र विद्यार्थीको सामान्य सिकाई स्तर प्रदर्शन गरेमा	२	
	कुनै पनि विषयवस्तु स्पष्ट, उपयुक्त नभएको र विद्यार्थीको कमजोर सिकाइ स्तर प्रदर्शन गरेमा	१	
सहकार्य, जिम्मेवारी सक्रियता र समय पालना	परियोजना/प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगत रूपमा उच्च र नियमति रूपमा सक्रिय रही तोकिएको जिम्मेवारी समयमा पूरा गरेमा	४	
	परियोजना/प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगतरुपमा धेरै जसो कार्यमा नियमित सक्रियता प्रदर्शन गरी तोकिएको जिम्मेवारी समयमा पूरा गरेमा	३	
	परियोजना/प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगतरुपमा कहिलेकाहि मात्र सक्रियता प्रदर्शन गरेको र तोकिएको जिम्मेवारी समयभन्दा केहि ढिला पूरा गरेमा	२	

	परियोजना/प्रयोगात्मक कार्य तयार पार्दा समूहमा वा व्यक्तिगतरुपमा सक्रिय नरहेको र तोकिएको जिम्मेवारी समेत पूरा गरेमा	१	
कक्षामा प्रस्तुतीकरण	शिक्षक र अन्य विद्यार्थी माझ उपयुक्त स्वर र आँखाको सम्पर्क (Eye contact)कायम राखी तार्किक प्रस्तुतीकरण गरेमा	४	
	कहिलेकाहीँ मात्र शिक्षक र अन्य विद्यार्थी माझ उपयुक्त स्वर र आँखाको सम्पर्क (Eye contact) कायम राखी अधिकांश प्रस्तुतीकरण तार्किक रुपमा गरेमा	३	
	शिक्षक र अन्य विद्यार्थी माझ सानो स्वर र आक्कल झुक्कल मात्र आँखाको सम्पर्क (Eye contact) कायम गरी सामान्य तार्किक प्रस्तुतीकरण गरेमा	२	
	शिक्षक र अन्य विद्यार्थी माझ सारै सानो स्वरमा प्रस्तुतीकरण गरेको र आँखाको सम्पर्क (Eye contact) कायम नरहनुका साथै तार्किक प्रस्तुतीकरण एकदम कमजोर रहेमा	१	
अभिलेखिकरण	क्रमबद्ध र सही तरिकाले नियमित अभिलेख राखेमा	४	
	अभिलेख राखेको तर प्रक्रियामा कमजोरी रहेको	३	
	अभिलेख नियमित राख्ने नगरिएको र प्रक्रियामा धेरै कमजोरी रहेको	२	
	अभिलेख राख्ने प्रयास मात्र गरेमा	१	

- सबै कक्षामा बाह्य मुल्यांकनका लागि तोकिएका एकाई अर्न्तगतका पाठहरुबाट प्रश्नहरु सोध्नुपर्ने छ ।
- प्रश्नहरु ज्ञान बोध, प्रयोग र सिर्जनात्मक सीप र उच्च दक्षताबाट तोकिएको आधारमा प्रश्नहरु सोध्नुपर्ने छ ।
- हाम्रो बुङ्गल विषयको ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत बाह्य मूल्यांकनको व्यवस्था गर्नुपर्ने छ ।
- यहाँ उल्लेख गरिएका परियोजना/प्रयोगात्मक कार्यहरु नमुना मात्रै भएकाले विद्यालयको सहजता र स्रोत साधनको आधारमा एक एकाईबाट कम्तिमा एक परियोजना/प्रयोगात्मक कार्य पर्ने गरि शिक्षक स्वयंमबाट विकास गर्न सकिने छ ।
- विकास गरिएका परियोजना तथा प्रयोगात्मक कार्यले हाम्रो बुङ्गल पाठ्यक्रम पाठ्यक्रमका विषयवस्तुमा ज्ञान, सीप तथा धारणाको विकास हुने गरि गर्नुपर्ने छ ।

परियोजना कार्य/प्रयोगात्मक कार्य

आन्तरिक मुल्यांकन कक्षा ४

१. तपाईको परिवारका सदस्यहरु जिम्मेवारी तथा कार्य विभाजन तलको तालिकाको सहयोगमा तयार गरि कक्षामा प्रस्तुत गर्नुहोस् ।

क्र.स.	परिवारका सदस्यहरुको नाम	तपाईको नाता	कार्यहरु

२. तपाईको वडाका वडाध्यक्ष र वडा सदस्यहरुको नाम र ठेगाना उल्लेख गरि कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. तपाईको स्थानीय स्तरमा पाइने जडिबुटी संकलन गरि तिनको उपयोगिता समेतको बारेमा कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. तपाईको समुदायमा मनाइने चाडपर्व र सो पर्वमा पकाइने खानेकुराका परिकारहरु बनाउन आवश्यक सामग्रीहरु विद्यार्थीहरुलाई ल्याउन लगाई विद्यालयमै पकाउने कार्यक्रम आयोजना गरि दिवाखाजाका रुपमा प्रयोग गर्ने ।

५. काठ वा माटोको प्रयोग गरि आ-आफ्नो घरमा कृषि कार्यमा प्रयोग हुने स्थानीय सामग्रीहरु निर्माण गर्न लगाई अफिस सजावटमा प्रयोग गर्ने ।

६. परिवार भित्र हुने आर्थिक कार्यहरु र उक्त आम्दानी बढाउने उपायहरु सहितको तलको तालिका भर्नहोस् ।

क्र.सं.	आर्थिक कार्यहरु	आम्दानी बढाउने उपाय
१.		
२.		

७. आफ्नो वडा भित्र बसोबास गर्ने जातजातिहरुको सूची तयार पार्न लगाउने ।

८. शैक्षिक भ्रमण मार्फत नजिकको क्षेत्रको अवलोकन गर्नुहोस् र आफ्ना वरपर रहेका जोखिमयुक्त क्षेत्रहरु र उक्त क्षेत्र जोखिमयुक्त हुनुका कारणहरुको सुची तयार पार्नुहोस् ।

९. कागजबाट निर्माण हुने कोठा सजावटका विभिन्न सामग्रीहरु गमला, फुल, आदि सामग्रीहरु निर्माण गर्नुहोस् ।

आन्तरिक मुल्यांकन कक्षा ५

१. अभिभावक र शिक्षकको सहयोगमा आफ्नो र आफ्ना परिवारका सदस्यहरुको वैयक्तिक विवरण तयार पार्नुहोस् ।

२. आफ्नो वडा भित्र रहेका धार्मिक स्थलहरुबारे सोधखोज गरि तलको शिर्षकमा प्रतिवेदन तयार पार्नुहोस् ।

क) धार्मिक स्थलको नाम :

ख) धार्मिक स्थल रहेको वडा :

ग) धार्मिक स्थल रहेको स्थान :

घ) धार्मिक स्थलमा गरिने धार्मिक कार्यक्रमहरु :

३. शिक्षक र अभिभावक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको सहयोगमा आफ्नो विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र विद्यालयमा सम्पादन गरेका र गर्नुपर्ने कार्यहरु बारे तलको प्रतिवेदन पूरा गर्नुहोस् ।

क) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु :

ख) विद्यालय व्यवस्थापन समितिले सम्पन्न गरेका कार्यहरु :

ग) विद्यालय व्यवस्थापन समितिले गर्ने कार्यहरु :

४. स्थानीय बाजाका चित्रहरु निर्माण गरि उक्त बाजा बनाउन आवश्यक सामग्रीहरु उल्लेख गर्नुहोस् ।

५. आफुले विद्यालय, घर तथा समुदायमा अनुशासन र नैतिकता सम्बन्धमा गरेका असल कार्यहरुको सूची तयार पार्नुहोस् ।

६. स्थानीय स्तरमा तोक्ता खेती गर्न सकिने बोटविरुवाहरु र तिनका बोक्रा(लोक्ता)हरुबाट बन्ने सामग्रीहरु सम्बन्धमा तलको तालिकामा भर्नुहोस् ।

क्र.सं.	लोक्ता हुने बोटविरुवा	तोक्ताबाट बन्ने सामग्रीहरु
१.		
२.		

७. अभिावक वा शिक्षकको सहयोगमा तलको शिर्षकमा रहि प्रतिवेदन तयार पार्नुहोस् ।

क) आफ्नो स्थानीय तहको नाम :

ख) आफ्नो वडा नं. :

ग) क्षेत्रफल :

घ) पछिल्लो जनगणना अनुसारको जनसंख्या :

ङ) तपाईका स्थानीय तहलाई छोएका स्थानीय तहहरु :

८. विद्यालयमा वा आफ्नो समुदायमा दुर्घटना हुन सक्ने कार्यहरु र बच्ने उपायहरु सम्बन्धमा तलको तालिका भर्नुहोस् ।

क्र.सं.	दुर्घटना हुन सक्ने कार्यहरु	बच्ने क्षेत्रहरु
१.		
२.		
३		

९. शिक्षकको सहयोगमा आफ्नो वडाको नक्सा तयार पार्नुहोस् र आफ्नो विद्यालय र गाउ देखाउनुहोस् ।

आन्तरिक मुल्यांकन कक्षा ६

१. आफ्नो परिवार भित्र हुने असल र खराब व्यवहारहरु सम्बन्धमा तलको शिर्षकमा प्रतिवेदन तयार पार्नुहोस् ।

क) परिवारमा हुने असल कार्यहरु :

ख) परिवारमा हुने गरेका खराब कार्यहरु :

ग) आफुलाई लागेका असल कार्यहरु

घ) निष्कर्ष :

ङ) सुझाव :

२. बुङ्गल नगरपालिकाको हावापानी र भौगोलिक विशेषताहरु अध्ययन गरि एएटा लेख तयार पारि कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. बुङ्गल नगरपालिकामा पाइने विभिन्न जटिबुटीहरु तिनका स्थानीय नामहरु र तिनको उपयोगिता सम्बनधमा तलको तालिका भर्नुहोस् ।

क्र.सं.	जटिबुटी नाम	जटिबुटीको स्थानीय नाम	उपयोगिता
१.			
२.			

४. भाषा, संस्कृति र बुङ्गलका बिशेषता झल्किने गरि स्थानीय भाषामा डेउडा गित रचना गर्नुहोस् र विद्यालयमा कुनै दिवसको अवसर पारेर उक्त गित खेलमा प्रस्तुत गर्नुहोस् ।

५. विद्यालयमा आयोजना हुने खेलकुद प्रतियोगितामा स्थानीय खेलहरु समावेश गरि शिक्षकले मूल्यांकन गर्नुपर्ने छ ।

६. विद्यार्थीले देखे सुनेका र अनुभव गरेका आधारमा बुङ्गल नगरपालिका भित्र हुने गरेका र हुन सक्ने सम्भावित मुख्य आर्थिक क्रियाकलापहरु समेटी एउटा लेख तयार पार्नुहोस् ।

७. बुङ्गल नगरपालिका भित्र सञ्चालन गर्न सकिने कुनै एक उद्योगको सम्बन्धमा निम्न शिर्षकमा रहि प्रतिवेदन तयार गर्नुहोस् ।

क) उद्योगको नाम :

ख) उद्योग सञ्चालन गर्न सकिने स्थान :

ग) उद्योगका लागि अवश्यक कच्चा पदार्थ :

घ) कच्चा पदार्थ पाइने स्थान :

ङ) उद्योग स्थापनाका लागि उत्पादन लागत :

च) श्रमिक संख्या :

छ) श्रमिकको योग्यता/दक्षता/क्षमता :

ज) उत्पादित वस्तु/सामग्रीहरु :

झ) अनुमानित मासिक फाइदा रकम :

८. प्राकृतिक प्रकोपबाट सुरक्षित रहन र हुन सक्ने क्षती न्युन गर्ने उपायहरु सम्बन्धमा सोधखोज र अध्ययन गरि गोरखापत्र दैनिक पत्रिकामा प्रकाशनार्थ एउटा लेख तयार पार्नहोस् ।

९. माटो वा ढुङ्गा वा काठको प्रयोग गरि वा माटो, ढुङ्गा र काठको प्रयोग गरि विभिन्न सामान/बस्तुहरु निर्माण गरि आवश्यक रङ भरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

आन्तरिक मुल्यांकन कक्षा ७

१. विना विभेद समझदारी र कार्यदक्षताका आधारमा कामको बाडफाड शिर्षकमा बक्तृत्वकला प्रतियोगिता आयोजना गरि शिक्षकद्वारा मुल्यांकन गर्नुहोस् ।

२. बुङ्गल नगरपालिकामा सञ्चालित हाइड्रोपावर मध्ये कुनै एक अध्ययन भ्रमण गर्नुहोस् र तलको शिर्षकमा एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

क) हाइड्रोपावरको नाम :

ख) रहेको स्थान :

ग) उत्पादित विद्युत (क्षमता) :

घ) कुल लागत :

ङ) अनुभव :

च) निष्कर्ष र सुझाव :

३. बुङ्गल नगरपालिका भित्र रहेका विभिन्न जडिबुटीहरुको नाम संकलन गर्नुहोस् र तलको तालिका पूरा गर्नुहोस्।

क्र.सं.	जडिबुटीको नाम	पाइने स्थान	उपयोगिता

४. बुङ्गल नगरपालिकामा मनाइने चाडपर्वहरुको सकारात्मक र नकारात्मक पक्षहरु सोधखोज गर्नुहोस् र नकारात्मक पक्षमा सुधार गर्न के गर्नुपर्ला तपाईका सुझावहरु कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

५. बुङ्गलको सेरोफेरो समेटिने गरि आफ्नै सिर्जनामा डेउडागित रचना गर्नुहोस् र प्रार्थना समयमा लयमा गायर सुनाउनुहोस् ।

६. पातबाट बन्ने सामग्रीहरु निर्माणका लागि सामग्री बनाउन सकिने स्थानीयस्तरमा पाइने पातहरु संकलन गर्नुहोस् र विभिन्न सामग्रीहरु दुना, टपरी आदि निर्माण गरि कक्षामा प्रदर्शन गर्नुहोस् ।

७. बड्डीज्यावन क्षेत्र वा पोखरा दरबारको बारेमा सोधखोज गर्न अध्ययन भ्रमण वा जेष्ठनागरिक वा शिक्षकको सहयोग लिई एउटा लेख तयार पार्नुहोस् ।

८. निम्न तथ्य विचार गर्नुहोस् र एउटा सफा काल्पनिक चित्र निर्माण गर्नुहोस् :

क) नासिदै गएको जंगल र जंगलको जनिकै गाउँ रहेको

ख) जंगलको विचमा रहेको पोखरी सुक्दै गएको ।

ग) जंगलको दक्षिण भागमा रहेको खोलो पनि पानी नरहेको ।

घ) जंगल नास भएकाले बन्यजन्तुहरु गाउँघर तिर गईरहेका

ङ) गाउँघरमा गई बन्यजन्तुले आतंक मच्चाइरहेका

च) वनजंगल नासिदै गई बन्यजन्तु गाउँघर पसेका कारण गाउलेहरु द्धवारा बृक्षारोपण गरि जंगल बढाइरहेको

९. बझाङ जिल्लाको सफा नक्सा कोर्नुहोस् र उक्त नक्सामा बुङ्गल नगरपालिका देखाउनुहोस् । निर्माण गरिएको नक्साहरु कक्षाकोठाको भित्तामा टाँस्नुहोस् ।

आन्तरिक मुल्यांकन कक्षा ८

१. तपाईको परिवार वा समुदायमा रहेका ३ जना सामाजिक सुरक्षा भत्ता पाइरहेका जेष्ठ नागरिक भेट्नुहोस् र सामाजिक सुरक्षा भत्ताका कारण पारेका सकारात्मक प्रभावहरु लेख्नुहोस् ।

क) जेष्ठनागरिक १

सकारात्मक प्रभावहरु

-

-

क) जेष्ठनागरिक २

सकारात्मक प्रभावहरु

-

-

क) जेष्ठनागरिक ३

सकारात्मक प्रभावहरु

-

-

२. बुङ्गल नगरपालिकामा हाल कार्यपालिका, व्यवस्थापीका र न्यायपालिकाका पदाधिकारीको विवरण तलको तालिकामा भर्नुहोस् ।

नगर कार्यपालिकाका पदाधिकारीहरुको विवरण

क्र.सं.	नाम,थर	पद	ठेगाना

नगरसभाका पदाधिकारीहरुको विवरण

क्र.सं.	नाम,थर	पद	ठेगाना

न्यायिक समितिका पदाधिकारीहरुको विवरण

क्र.सं.	नाम,थर	पद	ठेगाना

३. बुङ्गल नगरपालिकामा रहेका प्राकृतिक सम्पदा सम्बन्धमा तलका तथ्यहरुमा रहि प्रतिवेदन तयार पार्नुहोस् ।

क) प्राकृतिक स्रोत सम्पदाहरु

ख) हालको अवस्था

ग) संरक्षणका उपायहरु

घ) निष्कर्ष

ङ) सुझाव

४. बुङ्गल नगरपालिकामा मनाइने चाडपर्वहरुमा पकाइने खानेकुराहरुका लागि आवश्यक सामग्रीहरु विद्यार्थीहरुले ल्याउने वा सम्भव भएमा विद्यालयले उपलब्ध गराउने र विद्यालयमा कुनै दिवस वा विशेष दिनको अवसरमा विद्यार्थीहरुले नै खानाका परिकारहरु पकाउन लगाई शिक्षक तथा स्रोत शिक्षक आमन्त्रण गरि मुल्यांकन गर्ने

५. तपाईले आज सम्म कुनै दिन गलत वा खराब व्यहार वा कामका कारण सिकेको असल पाठ सम्बनधमा एउटा लेख तयार पार्नुहोस् । उक्त लेखमा निम्न प्रश्नहरुको उत्तर दिने प्रयास गर्नुहोस् ।

क) गलत वा खराब व्यवहार वा काम कस्तो प्रकारको थियो ?

ख) उक्त व्यवहार को संग वा कसरी गर्नुभएको थियो ?

ग) आफुले गरेको व्यवहार वा काम गलत हो भन्ने कहिले र कसरी थाहा भयो ?

घ) उक्त गलत व्यवहार वा कामका कारण तपाईले जीवनभरि सिकेको पाठ के हो ?

ङ) यसबाट अरुलाई के सन्देश दिन चाहनुहुन्छ ?

६. निगालो वा बाँस वा पातको प्रयोग गरि घरायसी कृषि कार्यमा वा चाडपर्वहरुमा प्रयोग गर्न सकिने वा सजावटमा प्रयोग गर्न सकिने सामग्रीहरु निर्माण गरि कक्षामा प्रस्तुत गर्नुहोस् र विद्यालयले अफिसमा सजायर राख्नुहोस् ।

७. बुङ्गल नगरपालिका भित्र बसोबास गर्ने जातजाति र बस्ती विकास बारे सोधखोज गरि तलको शिर्षकमा प्रतिवेदन तयार पार्नुहोस् ।

क) शिर्षक :

ख) अध्ययनको उद्देश्य :

ग) अध्ययनको परिसिमा :

घ) तथ्यांक संकलन र विश्लेषण :

ङ) निष्कर्ष र सुझाव

८. ट्राफिक चिन्हहरु पहिचान गर्नुहोस् र उक्त चिन्हहरुले के संकेत गर्दछन् लेख्नुहोस् ।

९. बुङ्गल नगरपालिकाको सफा नक्सा कोरी उपयुक्त संकेतको प्रयोग गरि निम्न तथ्यहरु भर्नुहोस् ।

क) बुङ्गल नगरपालिकाका वडाहरु

ख) बड्डीज्यावन क्षेत्र

ग) बाइसधारा तिर्थस्थल

घ) कलंगा नदी

ङ) सानीगाड नदी

च) कलंगा हाइड्रोपावर

छ) यार्सागुम्बा पाइने ठाउँ

ज) तपाईको विद्यालय

कक्षा ८ को अन्तरिम परीक्षाको आन्तरिक मुल्यांकनको प्रयोजनका लागि यस शैक्षिक सत्र २०८० का लागि निम्नानुसारको फाराम प्रयोग गर्न सकिने छ ।

आधारभूत तह (कक्षा ८)उतिर्ण परीक्षा २०८२

५० प्रतिशत विषयगत आन्तरिक मुल्यांकन फाराम

विषय हाम्रो बुङ्गल :					**विषयगत शिक्षकको नाम, थर :**					
क्र स	विद्यार्थीको नाम, थर (वर्णानुक्रम अनुसार(	**मुल्यांकन पक्ष**				**त्रैमासिक परीक्षा**			जम्मा	Grade
		कक्षा कार्यमा सहभागिता	गृहकार्य र कक्षा कार्य	खोजमुलक कार्य, अन्य अतिरिक्त क्रियाकलापमा सक्रियता र सहभागिता, सामुदायिक कार्यमा सहभागिता,	जम्मा अंकभार	पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	जम्मा अंकभार		
		४	४	३२	४०	५	५	१०	५०	
१										
२										
३										
४										
५										

कक्षा ४ र ५ विशिष्टिकरण तालिका											
एकाई	अवधि	अति छोटो उत्तर आउने प्रश्नहरु			छोटो उत्तर आउने प्रश्नहरु			लामो उत्तर आउने प्रश्नहरु			एकाई अनुसार अंक विभाजन
		ज्ञान र बोध	प्रयोग र सिर्जनात्मक सीप	उच्च दक्षता	ज्ञान र बोध	प्रयोग र सिर्जनात्मक सीप	उच्च दक्षता	ज्ञान र बोध	प्रयोग र सिर्जनात्मक सीप	उच्च दक्षता	
१.म मेरो परिवार र समुदाय	१४	१×१			१×३						४
२.हाम्रो नगरपालिका	१४					१×३					३
३.हाम्रो वरपरको संसार	२०		१×१		१×३		१×३				७
४.हाम्रो भाषा, कला संस्कृति परम्परा र ठप्रथाहरु	३३	१×१						१×५	१×५		११
५हाम्रा दैनिक क्रियाकलापहरु	१३		१×१			१×३					४
६.परम्परागत ज्ञान, सीप, पेशा व्यवशाय र प्रविधि	२१			१×१	१×३					१×५	९
७.हाम्रो विगत	१४		१×१		१×३						४
८.दुर्घटना तथा विद् व्यवस्थापन	१६	१×१				१×३					४
९.मेरो सिर्जना	१५			१×१	१×३						४
	१६०	३	३	२	५	३	१	१	१	१	५०

अंक विभाजन

प्रश्न संख्या	प्रश्न संख्या	अंकभार
अति छोटो उत्तरात्मक प्रश्नहरु	८	८×१=८
लामो उत्तरात्मक प्रश्नहरु	९	९×३=२७
अतिलामो उत्तरातमक प्रश्नहरु	३	३×५=१५

कक्षा ६ विशिष्टिकरण तालिका

एकाई	कार्यघण्टा	अति छोटो उत्तर आउने प्रश्नहरु			छोटो उत्तर आउने प्रश्नहरु			लामो उत्तर आउने प्रश्नहरु			एकाई अनुसार अंक विभाजन
		ज्ञान र बोध	प्रयोग र सिर्जनात्मक सीप	उच्च दक्षता	ज्ञान र बोध	प्रयोग र सिर्जनात्मक सीप	उच्च दक्षता	ज्ञान र बोध	प्रयोग र सिर्जनात्मक सीप	उच्च दक्षता	
१.म मेरो परिवार र समुदाय	१३	१×१				१×३					४
२.हाम्रो नगरपालिका	२२			१×१	१×३		१×३		१×५		१२
३.हाम्रो वरपरको संसार	९		१×१					१×५			६
४.हाम्रो भाषा, कला संस्कृति परम्परा र ठप्रथाहरु	२१		१×१		१×३					१×५	९
५हाम्रा दैनिक क्रियाकलापहरु	१०		१×१								१
६.परम्परागत ज्ञान, सीप, पेशा व्यवशाय र प्रविधि	१८	१×१				१×३					४
७.हाम्रो विगत	१०	१×१					१×३				४
८.दुर्घटना तथा विद् व्यवस्थापन	१०			१×१				१×५			६
९.मेरो सिर्जना	१५	१×१			१×३						४
जम्मा	१२८	४	३	२	३	२	२	२	१	१	५०

अंक विभाजन

प्रश्न संख्या	प्रश्न संख्या	अंकभार
अति छोटो उत्तरात्मक प्रश्नहरु	९	९×१=९
लामो उत्तरात्मक प्रश्नहरु	७	७×३=२१
अतिलामो उत्तरात्मक प्रश्नहरु	४	४×५=२०

कक्षा ७ विशिष्टिकरण तालिका

एकाई	कार्यघण्टा	अति छोटो उत्तर आउने प्रश्नहरु			छोटो उत्तर आउने प्रश्नहरु			लामो उत्तर आउने प्रश्नहरु			एकाई अनुसार अंक विभाजन
		ज्ञान र बोध	प्रयोग र सिर्जनात्मक सीप	उच्च दक्षता	ज्ञान र बोध	प्रयोग र सिर्जनात्मक सीप	उच्च दक्षता	ज्ञान र बोध	प्रयोग र सिर्जनात्मक सीप	उच्च दक्षता	
१.म मेरो परिवार र समुदाय	१२	१×१	१×१			१×३					५
२.हाम्रो नगरपालिका	२७		१×१		१×३		१×३	१×५			१२
३.हाम्रो वरपरको संसार	१०		१×१		१×३						४
४.हाम्रो भाषा, कला संस्कृति परम्परा र ठप्रथाहरु	१७								१×५		५
५हाम्रा दैनिक क्रियाकलापहरु	९	१×१			१×३						४
६.परम्परागत ज्ञान, सीप, पेशा व्यवशाय र प्रविधि	१७	१×१		१×१				१×५			७
७.हाम्रो विगत	७					१×३					३
८.दुर्घटना तथा विद् व्यवस्थापन	१२			१×१			१×३				४
९.मेरो सिर्जना	१७	१×१								१×५	६
जम्मा	१२८	४	३	२	३	२	२	२	१	१	५०

अंक विभाजन

प्रश्न संख्या	प्रश्न संख्या	अंकभार
अति छोटो उत्तरात्मक प्रश्नहरु	९	९×१=९
लामो उत्तरात्मक प्रश्नहरु	७	७×३=२१
अतिलामो उत्तरात्मक प्रश्नहरु	४	४×५=२०

कक्षा ८ विशिष्टिकरण तालिका											
एकाई	कार्यघण्टा	अति छोटो उत्तर आउने प्रश्नहरु			छोटो उत्तर आउने प्रश्नहरु			लामो उत्तर आउने प्रश्नहरु			एकाई अनुसार अंक विभाजन
		ज्ञान र बोध	प्रयोग र सिर्जनात्मक सीप	उच्च दक्षता	ज्ञान र बोध	प्रयोग र सिर्जनात्मक सीप	उच्च दक्षता	ज्ञान र बोध	प्रयोग र सिर्जनात्मक सीप	उच्च दक्षता	
१.म मेरो परिवार र समुदाय	१७	१×१	१×१				१×३				५
२.हाम्रो नगरपालिका	२७	१×१	१×१		१×३			१×५			१०
३.हाम्रो वरपरको संसार	१२	१×१			१×३						४
४.हाम्रो भाषा, कला संस्कृति परम्परा र प्रथाहरु	१३								१×५		५
५.हाम्रा दैनिक क्रियाकलापहरु	७					१×३					३
६.परम्परागत ज्ञान, सीप, पेशा व्यवशाय र प्रविधि	२३	१×१		१×१	१×३			१×५			१०
७.हाम्रो विगत	७					१×३					३
८.दुर्घटना तथा विद् व्यवस्थापन	१०			१×१			१×३				४
९.मेरो सिर्जना	१२		१×१							१×५	६
जम्मा	१२८	४	३	२	३	२	२	२	१	१	५०

अंक विभाजन

प्रश्न संख्या	प्रश्न संख्या	अंकभार
अति छोटो उत्तरात्मक प्रश्नहरु	९	९×१=९
लामो उत्तरात्मक प्रश्नहरु	७	७×३=२१
अतिलामो उत्तरात्मक प्रश्नहरु	४	४×५=२०

नमुना प्रश्नपत्र

कक्षा ८ पूर्णाकं : ५०

विषय : हाम्रो बुङ्गल समय : २ घण्टा

समुह क

अति छोटो उत्तर आउने प्रश्नहरु (९×१=९)

१. संयुक्त परिवार भनेको के हो ?
२. तपाईको परिवारमा वा समुदायमा रहेका जेष्ठ नागरिकबाट सिकेका २ ओटा असल व्यवहारहरु उल्लेख गर्नुहोस् ।
३. बझाङ जिल्लामा जम्मा कति स्थानीय तह रहेका छन् ?
४. बुङ्गल नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलको प्रचार प्रसारका लागि के गर्न सकिन्छ ?
५. बुङ्गल नगरपालिकामा कार्यरत कुनै एक गैरसरकारी संस्थाको नाम लेख्नुहोस् ।
६. तपाईको स्थानीय के कस्ता खानेकुराहरुको प्रयोग गरि सन्तुलित भोजन तयार गर्न सकिन्छ?
७. तपाईको स्थानीय स्थतरमा उपलब्ध हुन सक्ने कुन कुन बोटको प्रयोग गरि कागज निर्माण गर्न सकिन्छ ?
८. सडक दुर्घना हुन सक्ने हाम्रा कुनै दुइओटा त्रुटीहरु लेखनुहोस् ।
९. बिबाहमा मनोरञ्जनका लागि डिजेको प्रयोग गर्ने योजना गर्दै गरेका छिमेकीलाई स्थानीय कला र संस्कृति संरक्षणका लागि तपाईले दिने कुनै २ ओटा सुझाव लेख्नुहोस् ।

समुह ख

तलका प्रश्नहरुको छोटो उत्तर दिनुहोस् । (७×३=२१)

१०. जाड रक्सी सेवनले तपाईको समुदायमा पारेको प्रभाव र जाडरक्सी सेवन नियन्त्रका लागि तपाईको समुदायको सन्दर्भका के कस्ता उपायहरु अपनाउन सकिन्छ ?
११. बझाङ जिल्लामा रहेका स्थानीय तहका नाम उल्लेख गर्नुहोस् ।
१२. घरपालुवा जनावरहरुबाट हामीलाई हुने कुनै ४ फाइदा उल्लेख गर्नुहोस् ।
१३. परम्परागत रुपमा खेलीने हाम्रा स्थानीय खेलहरु उल्लेख गर्नुहोस र कुनै एक खेलका नियमहरु बुँदागत रुपमा उल्लेख गर्नुहोस् ।
१४. दुना टपरी निर्माणका लागि आवश्यक सामग्रीहरु उल्लेख गर्दै, हाम्रो घरायसी प्रयोजनमा बासँ र निगालाका के कस्ता सामग्रीहरु प्रयोग गरिदै आएका छन् लेख्नुहोस् ।

१५. बुङ्गल नगरपालिका विभिन्न ऐतिहासिक तथा प्राकृतिक सम्पदाले धनी र सम्पन्न छ तर यसको प्रचार प्रसारको अभावमा ओझेलमा परेका छन्, ओझेलमा परेका सम्पदाहरुको उजागर गर्न तपाईका सुझावहरु प्रस्तुत गर्नुहोस् ।

१६. सडकमा हुने दुर्घटना न्युन गर्न र सुरक्षित सडक यातायात कायम गर्न बुङ्गल नगरपालिकाको सन्दर्भमा के गर्नुपर्ला ४ बुँदामा उल्लेख गर्नुहोस् ।

समुह ग

तलका प्रश्नहरुको लामो उत्तर दिनुहोस् । (४×५=२०)

१७. बुङ्गल नगरपालिकाको नगर कार्यपालिकाको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।

१८. हाम्रा मौलिक लोकबाजाहरु के के हुन् ? बुङ्गलका लोकबाजाको प्रयोगको आवश्यकता बुँदागत रुपमा उल्लेख गर्नुहोस् ।

१९. "परम्परागत खेती प्रणलीको सट्टा आधुनिक खेती प्रणलीलाई प्राथमिक दिन सकेमा उत्पादन र आम्दानीमा बृद्धि हुन्छ ।" बुङ्गल नगरपालिकाको सन्दर्भमा यो भनाईलाई पुष्टि गर्नुहोस् ।

२०. पृष्ठ भरिने गरि बुङ्गल नगरपालिकाको नक्सा कोर्नुहोस् र तलका तथ्य भर्नुहोस् ।

क) बड्डीज्यावन क्षेत्र ख) कलंगा नदी ग) बाइसधारा तिर्थस्थल

LPJ